दलित निगरानी, २२ साउन २०८३, शुक्रवार

हाम्रो संस्कार सस्कृति र पहिचान

दलित शिल्पीको सम्वृद्धिको मार्ग गौरवपूर्ण शिल्पको आधुनिकीकरणमा खोजिनु पर्छ

- डिवी नेपाली दमु

★**सारांश** (Summary by AI):

- **नेपालको सामाजिक, राजनीतिक र सांस्कृतिक विकासमा विभिन्न शिल्पी (दलित) समुदायको ऐतिहासिक, प्राविधिक र आर्थिक योगदान अपरिहार्य रहेको छ।**

- **अधिकार र समानताका लागि आठ दशकदेखि सङ्घर्षरत रहे तापनि यो समुदाय अझै पनि न्यूनतम नागरिक अधिकार र सामाजिक स्वाभिमानबाट वञ्चित छ।**
- **केवल अधिकारमुखी अभियानले मात्र मुक्ति सम्भव नहुने हुँदा समुदायको आनुवंशिक ज्ञान र सीपकलाको पुनर्जागरणमार्फत आर्थिक रूपमा आत्मनिर्भर बनाउनु आवश्यक छ।**
- **परम्परागत सीपलाई आधुनिक प्रविधि, व्यावसायिक शिक्षा र उद्यमशीलतासँग जोडेर समुदायलाई मजदुरबाट उद्यमी बनाउने रणनीतिक कदम चाल्नु अपरिहार्य छ।**



नेपालको सामाजिक, राजनीतिक र सांस्कृतिक इतिहासमा उत्पीडित रैथाने शिल्पी (दलित) समुदायको भूमिका अत्यन्त महत्त्वपूर्ण र बलिदानीपूर्ण रहँदै आएको छ । आफ्नै आनुवंशिक (वंशानुगत) ज्ञान प्रणाली, सीपकला, प्रविधि र अनवरत पसिनाको बलमा समाजको आधारशिला बनेका छन् । यस समुदायले सदियौँ देखि नेपाली समाज निर्माणको समग्र विकास र रक्षामा अतुलनीय योगदान पुर्याउँदै आएको छ । तर, अत्यन्त विडम्बनाको विषय के छ भने, यही समुदाय आफ्नै मातृभूमिमा न्यूनतम नागरिक अधिकारबाट विमुख छन् । सामाजिक स्वाभिमानका लागि आजसम्म निरन्तर सङ्घर्षरत रहन बाध्य छ । सङ्गठित रूपमा आफ्नो हक, अधिकार, समानता र मानवीय मर्यादाका लागि यस समुदायले आन्दोलन सुरु गरेको झन्डै आठ दशक समय बितिसकेको छ ।

शिल्पी समुदायको सभ्यतागत र ऐतिहासिक योगदान

नेपालका हिमाल, पहाडदेखि तराई-मधेससम्म रहेका रैथाने शिल्पीहरू नै यो देशका वास्तविक इन्जिनियर, वैज्ञानिक, कलाकार र सभ्यताका निर्माता हुन् । हिमाल, पहाड र तराईका रैथाने शिल्पी समुदायहरूको योगदान नै नेपालको लोकजीवन र अर्थतन्त्रको जग बनेको छ । इतिहासलाई फर्केर हेर्दा, कामी समुदाय आरनमा फलाम र तामा ढालेर कृषि औजार, घरेलु हातहतियार र भाँडाकुँडा बनाउने नेपालको धातु प्रविधिका जनक हुन् । कुमाल समुदाय माटोबाट जीवनका भाँडाहरू, इँटा र कलात्मक संरचना ढाल्ने वास्तुकलाका आधारस्तम्भ हुन् । दमाईं, परियार र ढोली समुदाय कपडा सिलाएर फेसन र पहिरन संस्कृति दिने तथा पञ्चैबाजा बजाएर नेपालको लोकसंगीत जोगाउने संगीतकार हुन् ।

त्यसैगरी सार्की समुदाय जुत्ता र छालाका विविध वस्तु बनाउने छाला प्रविधिका विशेषज्ञ हुन् । सुनारहरू सुनचाँदीका अति सूक्ष्म र कलात्मक गहना बनाउने धातु-कलाकार हुन् । गन्धर्वहरू सारङ्गीको धुनसँगै देशको सूचना, इतिहास र लोकसंस्कृति गाउँ-गाउँ पुर्‍याउने सञ्चारकर्मी र गायक हुन् । तराई-मधेसका डोम समुदाय बाँस-शिल्पका अद्वितीय कलाकार हुन्, जसका नाङ्लो, ढकिया र पंखाबिना छठ पर्व र सांस्कृतिक जीवन नै अपूरो हुन्छ । चमार तथा राम समुदाय छाला प्रविधि र परम्परागत वाद्यवादन (ढोल, तासा) का विशेषज्ञ हुन् । दास र तत्मा समुदाय हातेतानमार्फत कपडा बुन्ने कालीगड हुन् । हलखोर वा मेत्तर समुदाय वातावरणीय सरसफाइका आधारस्तम्भ हुन् । त्यसैगरीे स्वाभिमानका प्रतीक पनि हुन् । यी सम्पूर्ण रैथाने शिल्पीहरू नै नेपालको मौलिक प्रविधि, आर्थिक उत्पादन र सांस्कृतिक सभ्यताका मेरुदण्ड हुन् ।

अधिकारमुखी अल्झनबाट समृद्धिको मार्ग

विगत झन्डै आठ दशकको अधिकारमुखी (Rights-based) अभियानले मात्र समुदायको वास्तविक मुक्ति सम्भव छैन । अधिकारको माग त छँदै छ, तर जबसम्म आर्थिक रूपमा समुदाय शक्तिशाली र आत्मनिर्भर हुँदैन । तबसम्म केवल कानुन र भाषणका भरमा सामाजिक सम्मान र शक्ति प्राप्त हुन सक्दैन । त्यसैले अब समुदायलाई केवल चेतना र अधिकारमुखी कार्यक्रममै सीमित राख्ने पुरानो सोच बदल्नु ढिला भइसकेको छ । यसको एक मात्र दिगो र क्रान्तिकारी विकल्प भनेको समुदायको सामाजिक अस्तित्व, इतिहास, पहिचान, सीपकला, संस्कृति, सम्पदा र सभ्यताको पुनर्जागरणमार्फत समृद्धिको मार्ग अवलम्बन गर्नु हो । राजनीतिक नेतृत्व, सरकार र सामाजिक संघ-संस्थाहरूले अब शिल्पी समुदायलाई ‘दयाको पात्र’ वा ‘भोट बैङ्क’ का रूपमा हेर्ने दृष्टिकोण पूर्णरूपमा त्याग्नुपर्छ । शिल्पी समुदायको मुक्ति र समृद्धिका लागि उनीहरूको आफ्नै वंशानुगत ज्ञान प्रणाली तथा रैथाने परम्परागत शिल्पकलाको विकासबाट समृद्धितर्फ लाग्नुपर्छ । यसको संरक्षण, प्रवद्र्धन र विकासलाई केन्द्रमा राखेर नयाँ दृष्टिकोण अवलम्बन गरिनु आवश्यक छ । यसका लागि देहाय अनुसारका रणनीतिक स्तम्भहरूमा केन्द्रित हुनु अपरिहार्य छः

आनुवंशिक ज्ञान प्रणाली र प्रविधिको आधुनिकीकरणः

रैथाने शिल्पीहरूको सीप र ज्ञानलाई पुरानै परम्परागत ढाँचामा छाडिदिँदा अगाडि बढ्दैन । त्यो आधुनिक प्रतिस्पर्धी बजारसँग टिक्न पनि सक्दैन । राज्यले आरन, छाला, सुनचाँदी, काठ र माटोका कामहरूलाई आधुनिक मेसिन, प्रविधि र वैज्ञानिक शोधसँग जोड्नुपर्छ । धातु, काठ, छाला र कपडासम्बन्धी परम्परागत ज्ञानलाई प्राविधिक तथा व्यावसायिक शिक्षा (Vocational Education) को पाठ्यक्रममा समावेश गरिनुपर्छ । त्यस्तो ज्ञानलाई प्रमाणपत्र र डिग्री दिने व्यवस्था गरिनुपर्छ ।

उद्यमशीलताको विकास र आयआर्जनः

शिल्पी समुदायलाई केवल मजदुर वा ज्यामीमा सीमित नराखी ‘उद्यमी’ (भ्लतचभउचभलभगचक) बनाउने नीति लिनुपर्छ । उनीहरूका परम्परागत पेसालाई आधुनिक ब्राण्डका रूपमा स्थापित गर्न बिनाधितो सहुलियतपूर्ण ऋण, आधुनिक औजार र प्रविधि हस्तान्तरण गरिनुपर्छ । परम्परागत सीपलाई सामूहिक वा सहकारी मोडलमा ठूला उद्योगका रूपमा विकास गर्न राज्यले पुँजी र प्रविधि उपलब्ध गराउनुपर्छ ।

व्यापार, परम्परागत हस्तकला र बजार संरक्षणः रैथाने शिल्पीहरूका उत्पादनहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन राज्यले बजारीकरण, ब्रान्डिङ र ‘ट्रेडमार्क’को संरक्षण प्रदान गर्नुपर्छ । बहुराष्ट्रिय कम्पनीका

आयातित वस्तुहरूसँग प्रतिस्पर्धा गर्ने स्थानीय शिल्प-हस्तकलालाई कर छुट र विशेष संरक्षण (Protection) दिइनुपर्छ ।



सांस्कृतिक पर्यटनको विकासः

नेपालका रैथाने शिल्पीहरूको शिल्प-हस्तकला, वास्तुकला र सांस्कृतिक सम्पदा अन्तर्राष्ट्रिय पर्यटनका लागि मुख्य आकर्षण बन्न सक्छन् । धातुका मूर्ति, मौलिक गहना, परम्परागत बाजा (पञ्चैबाजा, सारङ्गी), र लोकसंस्कृतिलाई 'सांस्कृतिक पर्यटन' (Cultural Tourism) सँग जोडेर आयआर्जन र स्थानीय रोजगारको बलियो स्रोत बनाइनुपर्छ ।

सर्वाङ्गीण र बहुआयामिक सशक्तिकरणः आयआर्जन, उद्‌यमशीलता, व्यापार, परम्परागत शिल्प-हस्तकलाको प्रवद्र्धन तथा सांस्कृतिक पर्यटनको विकासमार्फत समुदायलाई केवल आर्थिक रूपमा मात्र होइन । सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनीतिक क्षेत्रमा समेत सशक्त र निर्णायक उपस्थिति दिलाइनुपर्छ ।

भगत सर्वजीत शिल्प उत्थान कार्यक्रमसंग तालमेल:

हामीले राज्यसंग गुनासो मात्रै गर्ने भयौं, राज्यले उपलव्ध गराएका श्रोत साधन तथा वजेटको हाम्रो पक्षमा अधिकतम उपयोग गर्ने तर्फ हामीले खासै प्रयास गरि रहेका छैनौ । उदाहरणको रुपमा भगत सर्वजीत शिल्प उत्थान कार्यक्रमलाई लिन सकिन्छ । विष्णु पौडेल पहिलो पटक अर्थमन्त्री भएको वेलामा यो कार्यक्रम सुरु

गरिएको थियो र यसमा ४० करोड वजेट विनियोजन गरिएको थियो, पछि यो ५० करोड हुदै ५३ करोड सम्म पुगेको देखिन्छ तर यसको उपयोग तथा उपलव्धी भने अत्यन्त निराशा जनक रहेको छ । पछिल्लो चरणमा दलित समुदायवाट उद्यमशिलता विकासको लागि दर्खास्त समेत आह्वान गरेकोमा यसमा अत्यन्त न्यून दरखास्त परेको पनि सुनिएको छ । कति सम्म भने ठूलो रकम फ्रिज भएर यो वर्षको लागि आठ करोड मात्र विनियोजन गरिएको वुझिन्छ । यस्तो कार्यक्रमलाई प्रभावकारी वनाउन दलित आयोगले अग्रणी भूमिका खेल्नु पर्छ भने दलितका संघ सस्थाहरुले यस संग तालमेल गरेर यस्को प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्छ ।



निष्कर्ष

आन्दोलन र राजनीतिक रूपान्तरणको झन्डै आठ दशक समय बितिसक्दा पनि नेपालका रैथाने शिल्पी तथा उत्पीडित दलित समुदाय अधिकारको याचना गरिरहने अवस्थामा छन् ।अब केवल भाषण, नारा, राजनीतिक आश्वासन र बजेटको दोहनमा अल्झिने समय समाप्त भइसकेको छ । नेपालका तराई, पहाड र हिमालका रैथाने शिल्पी समुदायसँग रहेको वंशानुगत आनुवंशिक ज्ञान प्रणाली अद्वितीय छ । उनीहरुका सीपकला, संस्कृति र सभ्यता नै यो देशको मौलिक, जैविक र वास्तविक पुँजी हो । जबसम्म यो पुँजीलाई आधुनिक प्रविधि, उद्यमशीलता, व्यापार र सांस्कृतिक पर्यटनसँग जोडेर आर्थिक रूपान्तरणको ठोस जग हालिँदैन । तबसम्म रैथाने शिल्पी समुदायको वास्तविक मुक्ति र समृद्धि सम्भव छैन । सम्पूर्ण राजनीतिक नेतृत्व, नीति निर्माता, राज्य संयन्त्र र सामाजिक संस्थाहरूले यस ऐतिहासिक यथार्थलाई आत्मसात् गर्दै अधिकारमुखी गफबाट माथि उठेर

'रैथाने प्रविधि, सीप, ज्ञान र समृद्धिको नयाँ मार्ग' अवलम्बन गर्नु निकै ढिला भइसकेको छ । यो नै न्यायपूर्ण, समतामूलक, स्वाभिमानी र समृद्ध नेपाल निर्माण गर्ने एकमात्र सही, राष्ट्रिय र प्रेरणादायी बाटो हो ।

(लेखक दलित शिल्पी समुदायका सभ्यता, संस्कृति तथा पहिचानका अन्वेषक तथा अध्यता हुन, उनका दर्जनौं लेख तथा पुस्तक प्रकाशित छन)